"ललितपुरको समृद्धि र सुशासनको आधार, सम्पदा, संस्कृति सहितका स्मार्ट सेवा र पुर्वाधार"

# ललितपुर महानगरपालिका ४ नं. वडा कार्यालय

# 𑐫𑐮 𑐩𑐴𑐵𑐣𑐐𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵 𑑔 𑐣𑑄. 𑐰𑐜𑐵 𑐎𑐵𑐬𑑂𑐫𑐵𑐮𑐫

जावलाखेल, ललितपुर जिल्ला, बागमती प्रदेश



## ललितपुर महानगरपालिका वडा नं. ४ को आ.व. २०८०/८१ को वार्षिक समिक्षा तथा आ.व. २०८१/८२ को योजना छनोट उपभोक्ता भेला ।

मिती : २०८१ साल असार २ गते आइतबार

स्थान : बागडोल सामुदायिक भवन ।

# प्रदेश बजेट अन्तर्गत

१. श्री रातो मच्छिन्द्रनाथ संग्रहालय भवन निर्माण अन्तर्गत विनियोजित बजेट रु.४०,००,०००।- बाट पर्यटन विकास आयोजना, इकाइ कार्यालय काठमाडौं सँग मिति २०८०।१०।२६ गते सम्झौता गरि पहिलो तल्लाको ढलान, वाल, पिल्लर कार्य सम्पन्न ।

२. नारदेश्वर महादेव मन्दिर निर्माण को लागि विनियोजित बजेट रु ८,००,०००।- बाट मिति २०८०।१२।१५ मा पर्यटन विकास आयोजना सँग सम्झौता गरि पुरानो मन्दिर भत्काएर पुनः निर्माण कार्यको थालनी ।

३. क्रियापुत्री तथा ज्येष्ठ नागरिक भवन निर्माणको लागि विनियोजित बजेट रु. २०,००,०००।- बाट मिति २०८१।१।१४ मा शान्ति विकास तथा भवन निर्माण कार्यालय काठमाण्डौं सँग सम्झौता गरि दोस्रो तल्लाको भवनको ढलान कार्य सम्पन्न ।

४. फूलबारी मार्ग नख्खुको बाटो स्तरोन्नतीको लागि विनियोजित बजेट रु ३०,००,०००।- बाट टेण्डर मार्फत ढलान कार्य सम्पन्न ।

## नगर बजेट अन्तर्गत

१. सि.नं. ४ पर्िपा ढल निर्माण शिर्षकमा विनियोजित ३०,००,०००।- रकमान्तर गरि कृयापुत्री भवन तल्ला थप । वडा बजेट सि.नं. ५१ म प्रस्तुत बजेट रु. ५,००,०००।- गरी जम्मा ३५,००,०००।-

२. ढल शिर्षक सि.नं. ३ अन्तर्गत विनियोजित बागडोल ढल निर्माणको लागि विनियोजित रु. २०,००,०००।- बाट मलपोखरीमा ढल निर्माण ।

३. सार्वजनिक जग्गा संरक्षण शिर्षकमा विनियोजित बजेट रकम रु. ४,९०,१२२।०४ बाट खरिबोट अगाडि सार्वजनिक जग्गा सिमाङ्कन गरि स्टेलिङ्ग वाल लगाएको ।

४. खानेपानी लाइन विस्तार गर्दा भत्केको बाटो पुन साविक बमोजिम कै अवस्थामा निर्माण गर्न प्राप्त रु. ५,००,०००।- बाट भत्केको बाटो टाल्ने कार्य सम्पन्न ।

५. भू तथा जलाधार संरक्षण अन्तर्गत बजेट सि.नं. २ मा भुक्षय नियन्त्रण बागडोल शिर्षकमा विनियोजित रु. १०,००,०००।- बाट कियापुत्री भवन अगाडि ढुंगाको रिटेनिङ्ग वाल निर्माण ।

६. ल.पु.म.न.पा. वडा नं. ४ कार्यालय सँगै निर्माणाधिन नक्सा अभिलेख शाखाको स्ट्रक्चर तयार भइसकेको र गाह्रो लगायत फिनिसिङ्ग कार्यको लागि विनियोजित रु. १५,००,०००।- कार्य शुरु गर्न सम्झौताको निम्ति फाइल बुझाइसकेको ।

७. आ.व. २०८०।८१ को सम्पदा संरक्षण शिर्षक अन्तर्गत सि.नं. ४ मा वडा नं. ४ ईकुहिटि धोवीघाट स्थित नारदेश्वर महादेव मन्दिर पुननिर्माण को लागि विनियोजित बजेट रु. ३०,००,०००।- बाट नारदेश्वर महादेव मन्दिर पुननिर्माणको लागि .................... र ईकुहिटि फल्चाको अपुरो कार्य निर्माणको लागि रु......................

८. राष्ट्रिय प्रकृति संरक्षण कोष बाट प्राप्त हुने रु. १५,००,०००।- बाट सदर चिडियाखानाको कम्पाउण्ड भित्र पाटि निर्माण कार्य संचालन गरिने ।

# वडा स्तरिय बजेट

१. सि.नं. २५ टोल टोलमा प्रवेशद्धार शिर्षकमा विनियोजित बजेट रु. ५००,०००।- बाट ३ ठाउँमा अफलडोल, पर्ि§पा र नख्खुमा गेट निर्माण गरिने ।

२. सि.नं. २६ अन्तर्गत भलिबल तालिम केन्द्र शिर्षक मा विनियोजित बजेट रु ५००,०००।- बाट चेन्जिङ्ग रुम निर्माण गर्ने ।

३. सि.नं. २७ अन्तर्गत सानेपा चौकि तथा बल्खु प्रहरी प्रभाग पुर्वाधार निर्माण शिर्षकमा विनियोजित बजेट रु २००,०००।- बाट सानेपा चौकी को वाल निर्माण कार्य सम्पन्न भइसकेको ।

४. सि.नं. ३१ अन्तर्गत फुटपाथ निर्माण तथा चौतारा निर्माण शिर्षकमा विनियोजित बजेट रु. ३,००,०००।- बाट चौतारामा ढुंगा छाप्ने, गेट तयार पार्ने, बोर्ड राख्ने, ब्लक छाप्ने ।

५. सि.नं. ३२ अन्तर्गत बजेट रु. ७,००,०००।- बाट रुद्रेश्वर महादेव मार्गमा नगर विकासको सिमाङ्कन गर्ने कार्य अनुसार पुषमा संरचना भत्काई बाटो विस्तार गरी ढुंगाको वाल निर्माण ।

६. सि.नं. ३३ अन्तर्गत सामुदायिक समिति भवन निर्माण सम्पन्न गर्न छुट्याइएको बजेट रु. ५,००,०००।- श्री रातो मच्छिन्द्रनाथको संग्रहालय भवनको दोस्रो तल्ला निर्माण कार्यमा बजेट रकमान्तर गरिएको छ। यसका साथै सि.नं. ४३, ४४ र ४६ पनि रकमान्तर भएको छ।

७. सि.नं. ३३ अन्तर्गत बजेट रु. ५,००,०००।- बाट शान्तिचोकका गल्लिहरुम कलर ब्लक छाप्ने र पि.सि.सि. गर्ने ढल राखेको ठाउँमा।

८. सि.नं. ३५ अन्तर्गत पर्िपा गणेश मन्दिर पाटि पुनः निर्माण को लागि विनियोजित बजेट रु १५,००,०००।- र सि.न. ५३ सदर चिडियाखाना भित्रको पाटि पुन निर्माण शिर्षकमा विनियोजित बजेट रु १०,००,०००÷- लाई रकमान्तर गरी जम्मा रु. २५,००,०००।- बाट पर्िपा गणेश मन्दिर परिसरको पाटि पुननिर्माण हुँदै।

९. सि.नं. ३६ अन्तर्गत पर्िपा मलपोखरी बाटो निर्माण शिर्षकमा विनियोजित बजेट रु ५,००,०००।- र सि.नं. ३० अन्तर्गत विभिन्न छुटेका तथा अपुरो पुरा गर्ने आवश्यकता अनुसार बजेट शिर्षकबाट रु २,५०,०००।- गरी जम्मा रु ७,५०,०००।- बाट बाटो ढलान कार्यको लागि सम्झौता भइसकेको।

१०. सि.नं. ३७ अन्तर्गत विनियोजित रकम रु २,५०,०००।- बाट शिव मन्दिर र क्रियापुत्री मा टायल, प्लाष्टर, रंगरोगन र ब्लक हाल्ने कार्य सम्पन्न।

१८. सि.नं. ४७ अन्तर्गत विनियोजित रकम रु. १०,००,०००।- बाट बागडोल दोभान सडक खण्डमा ढलान सम्पन्न गरिएको छ ।

१९. सि.नं. ४८ अन्तर्गत विनियोजित रकम रु. ३,००,०००।- बाट बागडोल बाटिका स्थित कभर्ड हलको अपुरो निर्माण सम्पन्न गरिएको छ ।

२०. सि.नं. ४९ अन्तर्गत विनियोजित रकम रु. ५,००,०००।- र सि.नं. ३० विभिन्न छुटेका तथा अपुरो योजना पुरा गर्ने आवश्यकता अनुसार शिर्षकमा विनियोजित बजेट रु. २०,००,०००।- मध्यबाट रु. १,०६,०००।- गरि रु. ६,०६,०००।- बाट बागडोल भिमसेन मार्गको बाटो ढलान कार्य सम्पन्न गरिएको छ ।

२१. सि.नं. ४९ अन्तर्गत विनियोजित रकम रु. ४,००,०००।- बाट बागडोल इनारचोक राष्ट्रपति मार्ग बाटो निर्माण कार्य सम्पन्न भएको छ ।

११. सि.नं. ३८ अन्तर्गत रु. २००,०००।- बाट गःबुँ टोल विकास संस्थाको सामुदायिक भवनमा ट्वाइलेट निर्माण गरींदै ।

१२. सि.नं. ४० अन्तर्गत रु. ३००,०००।- बाट अफलडोल सनराइज टावर अगाडि ब्लक र आवश्यकता अनुसार ढलान गरी फुटपाथ निर्माण कार्य सम्पन्न ।

१३. सि.नं. ४१ अन्तर्गत विनियोजित रु. ५००,०००।- सि.नं. ३० विभिन्न छुटेका तथा अपुरो योजना पुरा गर्ने आवश्यकता अनुसार शिर्षकमा विनियोजित बजेट रु. २०,००,०००।- मध्यबाट रु. ३,२०,०००।- गरि जम्मा रु. ८,२०,०००।- बाट बाटो ढलान सम्पन्न ।

१४. सि.नं. ४२ अन्तर्गत विनियोजित रु. ३००,०००।- द्धारा धोबीघाट पार्क निर्माणको लागि कार्य प्रकिया शुरु हुँदै ।

१५. सि.नं. ४३ र ४४ अन्तर्गत को रकम रु. १७,००,०००।- रकम संग्रहालयमा रकमान्तर ।

१६. सि.नं. ४५ अन्तर्गत को रकम रु. १०,००,०००।- द्धारा एकता टोल विकास समिति को पुरानो संरचना भत्काइ नयाँ भवन निर्माण ।

१७. सि.नं. ४६ अन्तर्गत छुट्याइएको बागडोल सना गुथि भवन अधुरो योजनाको रकम रु. ३,००,०००/- श्री रातो मच्छिन्द्रनाथको संग्रहालयमा रकमान्तर गरिएको छ ।



ललितपुर महानगरपालिका वडा नं. ४ द्धारा उपभोक्त समिति गठन ।





# Cultural Aspects














श्री महेश्वरी धिमे मंका खल:


Global IME Bank
IME
RASOI GHAR
"ललितपुरको समृद्धि र सुशासनको आधार, सम्पदा, संस्कृति सहितका स्मार्ट सेवा र पूर्वाधार"
ललितपुर महानगरपालिका ४ नं. वडा कार्यालय
जावलाखेल, ललितपुर जिल्ला, बागमती प्रदेश
न्हूदँ नेपाल संवत ११४४ या सकल नेपामी पिन्त दुनुगलं निसे लसताय भिन्तुना ।
नेपालको आफ्नै मौलिक संवत नेपाल संवत ११४४, शुभ दिपावली तथा छठ पर्वको
उपलक्ष्यमा ललितपुर महानगरपालिका वडा नं. ४ कार्यालय सम्पूर्ण नेपालीहरुमा सुख
शान्ति र समृद्धिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।
कार्यक्रम : न्हूदँ नेपाल संवत ११४४ को उपलक्ष्यमा भिन्तुना र्‍याली
र्‍याली शुरु हुने स्थान : बागडोल, इनारचोक - ४, ललितपुर
र्‍याली सकिने स्थान : महेश्वरी मन्दिर, पलिंगाल, अफलडोल - ४, ललितपुर




ललितपुर महानगरपालिका वडा नं. ४ द्धारा देउसी भैलो कार्यक्रम ।

ललितपुर महानगरपालिका वडा नं. ४ द्धारा धिमय् बाजा तालिम सम्पन्न ।



# ललितपुर महानगरपालिका वडा नं. ४ द्वारा माघे संकरान्ती कार्यक्रम ।











ललितपुर महानगरपालिका वडा नं. ४ द्धारा हिरण्यपिठ प्रचारप्रसार कार्यक्रम ।




ललितपुर महानगरपालिका वडा नं. ४ द्वारा एकल महिलाहरुको लागि जनकपुर धाम भ्रमण ।






# Tiger Lily Petting Farm Visit




ललितपुर महानगरपालिका वडा नं. ४
बागडोल र पर्ि§पाको लागि ६ इन्चको
खानेपानीको लाइन जडान हुँदै ।



# ललितपुर महानगरपालिका वडा नं. ४ धोबीघाट अवस्थित ईकुहिटि फल्चा निर्माण ।





ललितपुर महानगरपालिका वडा नं. ४ पाि§पामा ढल जडान कार्य हुँदै ।









ललितपुर महानगरपालिका वडा नं. ४ अफलडोलमा फुटपाथ निर्माण ।



ललितपुर
महानगरपालिका वडा
नं. ४ द्धारा
शान्तिचोकमा ढल
जडान कार्य ।







ललितपुर महानगरपालिका वडा नं. ४ द्वारा वडाको सिमाना नख्खु पुलबाट श्री ऐतिहासिक रुद्रायणी देवीको १२ वर्षे जात्राको निम्ति पहिलो पटक काठमाण्डौं प्रवेश क्रममा बाजागाजा सहित भव्य स्वागत कार्यक्रम आयोजना ।



ललितपुर महानगरपालिका वडा नं. ४ नख्खु दोबाटो र भनिमण्डलको ओरालो बाटो विस्तार कार्य ।



ललितपुर महानगरपालिका वडा नं. ४ नख्खु अवस्थित एकता टोल समितिको भवन निर्माण कार्य ।






ललितपुर महानगरपालिका वडा नं. ४ इकुहिटि मार्ग बमारमा ह्युमपाइप विछ्याइ ढल जडान कार्य भएको ।









ललितपुर महानगरपालिका वडा नं. ४ नख्खु विष्णुदेवी फुलबारी मार्गको बाटो स्तरोन्नतीको लागि ग्राभेलिंग तथा ढलान कार्य सम्पन्न ।

ललितपुर महानगरपालिका वडा नं. ४ नख्खु विष्णुदेवी मन्दिर अगाडि वडास्तरिय हेल्थ ल्याब निर्माण हुँदै ।









ललितपुर महानगरपालिका वडा नं. ४ द्वारा संचालित नि:शुल्क स्वास्थ्य शिविर ।








ललितपुर महानगरपालिका वडा नं. ४ जावलाखेलमा अत्याधुनिक नुहाउने सुविधासहितको सार्वजनिक सौचालय संचालन ।








ललितपुर महानगरपालिका वडा नं. ४ द्वारा वडा बजेटबाट धोबीघाट मार्ग अवस्थित लभ्ली होम स्कुल रहेको स्थानको बाटो स्तरोन्नतीको लागि बाटो ढलान कार्य ।





ललितपुर महानगरपालिका वडा नं. ४ द्धारा पुन नाप नक्सा भइ तयार भएका जग्गा धनी प्रमाण पुर्जा वितरण कार्य ।








ललितपुर महानगरपालिका वडा नं. ४ द्वारा कार्य सम्पन्न तथा ससपुजा ।








ललितपुर महानगरपालिका वडा नं. ४ द्वारा चैते दसैंमा हुने आदिनाथ मेला व्यवस्थापन कार्यक्रम ।





# ललितपुर महानगरपालिका द्धारा सदर चिडियाखानालाई विद्युतिय गल्फ कार्ट वितरण कार्यक्रम ।






# ललितपुर महानगरपालिका वडा नं. ४ द्धारा श्रष्टा सम्मान कार्यक्रम ।






ललितपुर महानगरपालिका वडा नं. ४ बागडोल दोभानमा बन्दै गरेको कृयापुत्री भवनको दोस्रो तल्लाको ढलान कार्य हुँदै ।





# ललितपुर महानगरपालिका वडा नं. ४ को पट्टिपा मलपोखरी बाटो निर्माण तथा बाटो विस्तार कार्य ।





# ललितपुर महानगरपालिका वडा नं. ४ द्वारा बालविवाह र बालअधिकार सम्बन्धी कार्यक्रम ।






ललितपुर महानगरपालिका वडा नं. ४ द्धारा ज्येष्ठ नागरिकहरुलाई काभ्रे बल्थली अवस्थित लङ्केश्वर महादेव भ्रमण ।




TOURIST
Sunapati Darshan
Sumit Deluxe
SADIKSHYA
कार्यक्रम




© ललितपुर महानगरपालिका वडा नं. ४

ललितपुर महानगरपालिका वडा नं. ४ को वडा स्वास्थ्य कार्यान्वयन समिति को वार्षिक कार्यक्रमसँगै यस समितिका सदस्य कल्पना अधिकारीज्यूलाइ कार्य अवकाशको अवसरमा सम्मान कार्यक्रम ।









© ललितपुर महानगरपालिका वडा नं. ४









ललितपुर महानगरपालिका वडा नं. ४ र सदर चिडियाखानाको समन्वयमा ज्येष्ठ नागरिकहरुलाई घर घरमा लिन जाने तथा विद्युतीय गल्फ कार्ट मार्फत जनावर अवलोकन गराई खाजा को व्यवस्था सहित घर घरमा पुराउन जाने कार्यक्रम ।





# ललितपुर महानगरपालिका वडा नं. ४ द्धारा संचालित उनीको कपडा बुन्ने तालिम ।





# ललितपुर महानगरपालिका वडा नं. ४ द्वारा संचालन गरिएको स्वरोजगारमुलक कपाल काट्ने तालिम






# ललितपुर महानगरपालिका वडा नं. ४ द्वारा संचालन गरिएको १५ दिने स्वरोजगार मुलक सेल्फ मेकअप तालिम











ललितपुर महानगरपालिका वडा नं. ४ मा रहेको नेपालको एक मात्र सदर चिडियाखानामा भएको वातावरण दिवसको कार्यक्रममा वडाको सहभागिता जनाउने क्रममा ।






ललितपुर महानगरपालिका वडा नं. ४ बागडोल र मलपोखरीको सिमानामा खुल्ला ढल व्यवस्थित गर्ने हेतु ३ फिटको नयाँ ढल जडान कार्य भइरहेको छ ।






ललितपुर महानगरपालिका वडा नं. ४ र सडक विभागको संयुक्त सहकार्यमा अफलडोलमा मलपोखरी गेट अगाडि देखि तल सुन्दरीघाट पुलसम्मको बाटो मा प्राइम हाल्ने कार्य।





ललितपुर महानगरपालिका वडा नं. ४ र सडक विभागको संयुक्त सहकार्यमा अफलडोलमा मलपोखरी गेट अगाडि देखि तल सुन्दरीघाट पुलसम्मको बाटो मा ग्राभेलिंग, प्राइम हाल्ने कार्य सँगै हाल सडक पिच गर्ने कार्य सम्पन्न भइसकेको छ।






ललितपुर महानगरपालिका वडा नं. ४ द्वारा अफलडोलमा सार्वजनिक सम्पत्ति अनधिकृत रुपमा व्यापार व्यवसायमा लगाइएको भेटिएर सार्वजनिक जग्गा संरक्षण हेतु उक्त अनधिकृत संरचना भत्काई सबैका लागि प्रयोगमा आउने व्यायाम गर्ने मेसिनहरु राखिएको छ ।





ललितपुर महानगरपालिका वडा नं. ४ का दलित तथा विपन्न वर्गका लागि स्वरोजगारको अवसर सिर्जना गर्ने हेतु हधिल्लो वर्ष झैं यस वर्ष पनि २६ थान जुत्ता तथा लुगा सिलाउने मेसिन वितरण गरिएको छ ।






ललितपुर महानगरपालिका वडा नं. ४ जनप्रतिनिधि, कर्मचारी र नेप्सेम्याकका कर्मचारीको सहकार्यमा सिथि नखः पर्वको अवसरमा जावलाखेल स्थित मल्लकालिन जाहृलाहिटि सरसफाई कार्यक्रम ।










# ललितपुर महानगरपालिका वडा नं. ४ को बाल अधिकार समितिद्धारा आयोजना गरिएको २ दिने आर्ट थेरापी कार्यक्रम ।






"ललितपुरको समृद्धि र सुशासनको आधार, सम्पदा, संस्कृति सहितका स्मार्ट सेवा र पुर्वाधार"

**ललितपुर महानगरपालिका ४ नं. वडा कार्यालय**

जावलाखेल, ललितपुर जिल्ला, बागमती प्रदेश

# धन्यवाद ।